NHIIS
New Hampshire Immunization Information System

न्यू ह्याम्पशायर प्रतिरक्षण सूचना प्रणाली

नयाँ आमाबुवासम्बन्धी जानकारी

तपाईंको बच्चाको जन्मको उपलक्ष्यमा बधाई छ!

यो समय तपाईं र तपाईंको परिवारको लागि विशेष छ। न्यू ह्याम्पशायर स्वास्थ्य तथा मानव सेवा विभागले तपाईंको बच्चामा उचित सुरुवातको सम्भावना छ भनी सुनिश्चित गर्न चाहन्छ। तपाईंको बच्चालाई स्वस्थ राख्नको लागि एकसाथ कार्य गरौं!

NHIIS भनेको हो?

न्यू ह्याम्पशायर प्रतिरक्षण सूचना प्रणाली (NHIIS) न्यू ह्याम्पशायको राज्यव्यापी खोप रजिस्ट्रि हो। यो सुरक्षित र गोपनीय रजिस्ट्रिले तपाईंको बच्चाको जीवन कालभर उनीहरूको शटहरूको ट्र्याक राख्छ। NHIIS ले तपाईंको बच्चाको स्वास्थ्य स्याहार प्रदायकहरूसँग यो जानकारी साझा गर्छ।

NHIIS प्रयोग गर्नुका लाभहरू के-के हुन्?

NHIIS ले तपाईंको खोपका सबै रेकर्डहरू एक स्थानमा राख्छ। तपाईंको बच्चाले NH भित्र चिकित्सकहरू परिवर्तन गर्नुहुन्छ भने, नयाँ चिकित्सकले तपाईंको बच्चाले प्राप्त गर्नुभएको सबै खोपहरू स्वचालित रूपमा देख्न सक्नुहुने छ।

तपाईंलाई विद्यालय, बालस्याहार वा कलेजको लागि आधिकारिक खोपको रेकर्ड आवश्यक हुँदा, NHIIS ले तिनीहरू उपलब्ध गराउँछ।

तपाईंको बच्चा खोपको लागि उपयुक्त भएपछि NHIIS ले तपाईंको चिकित्सकलाई बताउँछ। यसले तपाईंको बच्चा आफ्नो खोपहरूबारे नवीनतम हुनुहुन्छ र उहाँहरूलाई खोप रोकथामयोग्य रोगहरूबाट सुरक्षित गरिएको छ भनी सुनिश्चित गर्न मद्दत गर्छ।

NHIIS ले तपाईंको बच्चालाई आवश्यक नभएको खोपका अतिरिक्त मात्राहरू प्राप्त गर्नबाट रोक्न सक्छ। चिकित्सकहरूले तपाईंको बच्चाले लगाउनुभएको खोपहरू द्रुत र सहज रूपमा देख्न सक्छनुहुन्छ र उहाँले तपाईंको बच्चाले खोप लगाउन बाँकि छ वा छैन वा पहिले नै लगाइसक्नुभयो वा लगाउनुभएको छैन भनी थाहा पाउनुहुने छ।

NHIIS ले तपाईंको बच्चालाई सुरक्षित राख्न उहाँलाई खोपको आवश्यकता छ वा छैन भनी तुरुन्तै पहिचान गरेर रोगका प्रकोपहरू रोकथाम गर्न मद्दत गर्न सक्छ।

NHIIS को जानकारी गोपनीय छ। जानकारी तपाईं, तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायकहरू र तपाईंको बच्चाको विद्यालय नर्ससँग मात्र साझा गरिन्छ।

न्यू ह्याम्पशायर प्रतिरक्षण कार्यक्रम
जीवनको लागि खोप लगाउनुहोस्!
स्वास्थ्य तथा मानव सेवाहरूको NH विभाग

NHIIS मा के-कस्ता जानकारी रिपोर्ट गरिन्छ?

रिपोर्ट गर्न आवश्यक पर्ने जानकारीमा निम्न समावेश हुन्छन्: बिरामीको नाम, जन्म मिति, लिङ्ग, निवासी राष्ट्र सहित पूरा ठेगाना, आमाको विवाहपूर्वको नाम, खोपको नाम, उत्पादक, लट नम्बर र खोप प्रबन्ध गरिएको मिति।

के मलाई NHIIS मा नामाङ्कन गर्न आवश्यक पर्छ?

पर्दैन, NHIIS मा सहभागी हुने कुरा तपाईंको हात हुन्छ। तपाईंले NHIIS मा तपाईंको बच्चाको जानकारी चाहनुहुन्न भने, महत्त्वपूर्ण रेकर्ड विभाको आमाको कार्यपानाम भएको "होइन" चयन गर्नुहोस् जहाँ यसले "मैले NH प्रतिरक्षण रजिष्ट्रिमा जन्म र प्रतिरक्षणसम्बन्धी जानकारी खुलासा गर्ने अधिकार दिन्छु" भनी भन्छ।

मैले मेरो विचार परिवर्तन गरें भने के हुन्छ?

कुनै समस्या छैन! तपाईं NHIIS मा सहभागी हुन छनोट गर्न वा कुनै पनि समयमा सहभागी नहुने निर्णय गर्न सक्नुहुन्छ। कार्यक्रममा कसरी नामांकन गर्ने र अप्ट-आउट गर्ने भन्ने बारेमा थप जानकारीको लागि NHIIS को वेबसाइटमा जानुहोस्।

मैले मेरो बच्चाको खोपसम्बन्धी रेकर्डको प्रतिलिपिको लागि कसरी अनुरोध गर्न सक्छु?

आमाबुवाहरूले आफ्नो सहभागी स्वास्थ्य स्याहार प्रदायकलाई सम्पर्क गर्नुपर्छ। स्वास्थ्य स्याहार प्रदायक नभएका बिरामीहरूको लागि, प्रतिलिपि प्राप्त गर्नको लागि (603) 271-4028 मा NH प्रतिरक्षण कार्यक्रममा सम्पर्क गर्नुहोस्।

मैले थप जानकारी कहाँबाट प्राप्त गर्न सक्छु?

NHIIS बारे थप अध्ययन गर्न आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्। अतिरिक्त जानकारी www.dhhs.nh.gov/dphs/immunization/nhiis.htm मा उपलब्ध छ।